नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**

# उत्पादनमूलक ऊर्जा प्रयोग शाखा अन्तर्गत विभिन्न कार्यक्रमहरुको कार्यान्वयनका लागि आवेदन सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७५।०४।१०**

**निवेदन बुझाउने अन्तिम मिति :२०७५।०५।२९**

नेपाल सरकार ऊर्जा,जलस्रोत तथा सिंचाइ मन्त्रालय,वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले चालु आ.व २०७५/०७६ मा केन्द्रिय प्रसारण लाईनमा नजोडिएका नवीकरणीय ऊर्जा प्रविधिहरुको प्रयोग मार्फत उद्योग तथा व्यवसाय स्थापना गर्नका लागि नेपाल सरकारको अनुदानमा आधारित तपसिल बमोजिमका विभिन्न कार्यक्रमहरु कार्यान्वयन गर्न लागेको हुँदा सो को लागि इच्छुक व्यक्ति,उद्यमी,समूह वा उपभोक्ता समितिले सम्बन्धित गाउँपालिका नगरपालिका संग समन्वय गरी तपसिल बमोजिमका कागजातहरु सहित निवेदन बुझाउने अन्तिम मिति भित्र यस कार्यालयको तल उल्लेखित ठेगानामा आईपुग्ने गरि निवेदन पेश गर्नुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | उत्पादनमूलक ऊर्जा प्रयोग शाखा अन्तर्गतका कार्यक्रमहरु | निवेदन दिन पाउने योग्यता | आवश्यक कागजातहरु | आ.व. ०७५/७६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | नवीकरणीय ऊर्जा प्रयोग गरेर उद्योग व्यवसायको स्थापना गरी संचालन गर्न । | नवीकरणीय ऊर्जाको प्रयोगबाट संचालित हुने कुनै पनि उद्योग तथा व्यवसाय संचालन गर्न चाहने व्यक्ति, उद्यमी, समूह वा उपभोक्ता समिति हुनु पर्नेछ । | १.निवेदन ।<br>२.माग फारम ।<br>३. गाउँपालिक/नगरपालिकाको सिफारीस ।<br>४.नागरिकता प्रमाण पत्रको प्रतिलिपि । | १५० |
| २. | लघु जलविद्युत आयोजनाहरुलाई व्यवसायिक रुपमा संचालन गर्न । | लघु जलविद्युत आयोजनाका स्वामित्व कर्ताको रुपमा रहेका उपभोक्ता समिति, सहकारी र विकासकर्ताहरु । | १.निवेदन ।<br>२.माग फारम ।<br>३. गाउँपालिका/नगरपालिकको सिफारीस ।<br>४.नागरिकता प्रमाण पत्रको प्रतिलिपि । | २५ |
| ३. | लघु जलविद्युत आयोजना बाट लिफ्ट सिंचाइ संचालन गर्न । | प्रचलित कानुन बमोजिम दर्ता भएका फर्म/कम्पनी लघु जलविद्युत उपभोक्ता समिति, सहकारी वा अन्य सामुदायिक संस्थाहरु । | १.निवेदन ।<br>२.माग फारम ।<br>३.गाउँपालिका/नगरपालिकाको सिफारीस ।<br>४.नागरिकता प्रमाण पत्रको प्रतिलिपि । | १० |
| ४. | दलित, आदिवासी, जनजाति लगायतका लक्षित वर्ग बाट संचालन हुने उद्योग व्यवसायहरुमा ऊर्जाको उत्पादनमूलक परिप्रयोगका लागि । | नवीकरणीय ऊर्जामा आधारित लघु,साना तथा मझौला उद्योग एवं व्यवसाय संचालन गर्ने व्यक्ति दलित, आदिवासी, जनजाति लगायतका लक्षित वर्गको हुनुपर्नेछ । | १.निवेदन ।<br>२.माग फारम ।<br>३ गाउँपालिका/नगरपालिकाको सिफारीस<br>४.नागरिकता प्रमाण पत्रको प्रतिलिपि<br>५.नेपाल सरकारले पहिचान गरेका दलित, आदिवासी, जनजाति लगायतका लक्षित वर्ग खुल्ने प्रमाण पत्रको प्रतिलिपी । | ५० |

निवेदन साथ पेश गर्नुपर्ने आवश्यक माग फारमको ढाँचा केन्द्रको वेबसाइट:- www.aepc.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

सम्पर्क ठेगाना

**उत्पादनमूलक ऊर्जा प्रयोग शाखा**

**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**

खुमलटार हाइट, ललितपुर, पो.ब.नं १४३६४, फोन नं. ९७७-१५५३९३९०/५५३९३९१